# बीमा दाबी भुक्तानी मार्गदर्शन (तेस्रो संशोधन),२०७९

स्वीकृत मिति:२०७९/१०/१२

प्रस्तावनाः बीमा दाबी भुक्तानी मार्गदर्शन, २०७६ लाई समयसापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले, बीमा ऐन, २०७९ को दफा १७० ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायका मार्गदर्शन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी मार्गदर्शनको नाम "बीमा दाबी भुक्तानी मार्गदर्शन (तेस्रो संशोधन), २०७९" रहेको छ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ ।

२. बीमा दाबी भुक्तानी मार्गदर्शन, २०७६ को दफा ८ मा संशोधनः बीमा दाबी भुक्तानी मार्गदर्शन, २०७६ (यसपछि "मूल मार्गदर्शन" भनिएको) को दफा ८ को उपदफा (२) पछि देहाय बमोजिमको उपदफा (३) थप गरिएको छः-

"(३) उपदफा (२) बमोजिमको कार्यविधिमा साना दाबी फछ्यौंटका सम्बन्धमा देहायको व्यवस्था गर्नुपर्नेछः

(क) निर्जीवन बीमा तर्फ रु. २ लाख सम्मको दाबीलाई सानो दाबी मानी यथाशीघ्र फछ्यौंट गर्नुपर्नेछ ।

(ख) बाली, पशुपन्छी, कृषि तथा लघु बीमा तर्फ रु. ५०,०००/- (पचास हजार) सम्मको दाबीलाई सानो दाबी मानी यथाशीघ्र फछ्यौंट गर्नुपर्नेछ ।

(ग) खण्ड (क) र खण्ड (ख) मा उल्लेख भएको अंक सम्मको दाबी भुक्तानीको लागि न्यूनतम प्रमाणहरु प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र फछ्यौंट गरि सक्नुपर्नेछ ।

(घ) बीमकले प्रमाणहरु संकलन गर्न वा बीमितलाई सम्पर्क गर्न गरेको पत्राचारको प्रमाण संलग्न राख्नु पर्नेछ ।"

३. मूल मार्गदर्शनको दफा १८ मा संशोधनः मूल मार्गदर्शनको दफा १८ को उपदफा(२) पछि देहायको उपदफा ३ थपिएको छः-

"(३) बीमकले दाबी भुक्तानीको त्रैमासिक विवरण प्रत्येक तीन महिना समाप्त भएको मितिले पन्ध्र दिन भित्र अनुसूची-३ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष प्रतिवेदन बुझाउनु पर्नेछ।"

४. मूल मार्गदर्शनको अनुसूची २ पछि अनुसूची ३ थप : मूल मार्गदर्शनको अनुसूची-२ पछि देहायको अनुसूची-३ थपिएको छः

# अनुसूची-३

## बीमा दाबी भुक्तानीको त्रैमासिक विवरण

| बीमा व्यवसाय | तीन वर्ष अगाडीको दाबीको अवस्था | | दुई वर्ष अगाडीको दाबीको अवस्था | | एक वर्ष अगाडीको दाबीको अवस्था | | पछिल्लो तीन महिनाको दाबीको अवस्था | | हाल सम्मको जम्मा दाबी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भुक्तानी गर्न बाँकी संख्या | भुक्तानी गर्न बाँकी रकम | भुक्तानी गर्न बाँकी संख्या | भुक्तानी गर्न बाँकी रकम | भुक्तानी गर्न बाँकी संख्या | भुक्तानी गर्न बाँकी रकम | भुक्तानी गर्न बाँकी संख्या | भुक्तानी गर्न बाँकी रकम | भुक्तानी गर्न बाँकी संख्या | भुक्तानी गर्न बाँकी रकम |
| **निर्जीवन बीमा** | | | | | | | | | | |
| अग्नी/सम्पत्ति | | | | | | | | | | |
| मोटर | | | | | | | | | | |
| सामुन्द्रीक | | | | | | | | | | |
| इन्जिनियरिङ्ग तथा ठेकेदार जोखिम | | | | | | | | | | |
| हवाई | | | | | | | | | | |
| विविध | | | | | | | | | | |
| कृषि तथा पशुपन्छी | | | | | | | | | | |
| लघु | | | | | | | | | | |
| अन्य | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |
| **जीवन बीमा** | | | | | | | | | | |
| आजीवन जीवन बीमा | | | | | | | | | | |
| अग्रीम भुक्तानी जीवन बीमा | | | | | | | | | | |
| सावधिक जीवन बीमा | | | | | | | | | | |
| रुपान्तरित सावधिक जीवन बीमा | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |
| **म्यादी जीवन बीमा** | | | | | | | | | | |
| क)सामान्य म्यादी (वैदेशीक रोजगारी) जीवन बीमा | | | | | | | | | | |
| अन्य म्यादी जीवन बीमा | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य जीवन बीमा भएमा.... | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | |